कार्यालय: ०७५-५२०२१४
Email: akcpalpa@gmail.c

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

तानसेन, पाल्पा

प.सः २०७७/७८
च.नः

**कृषि ज्ञान केन्द्र, पाल्पाको आ.व. २०७७/७८ मा संचालन हुने गोठ तथा गोठेमल सुधार कार्यक्रमको लागि निबेदन माग सम्बन्धी सूचना**

**प्रकाशित सूचनाः २०७७।०९।२३**

कृषि ज्ञान केन्द्र, पाल्पाको आ. व. २०७७/७८ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार **गोठ तथा गोठेमल सुधार कार्यक्रमको** संचालन गर्नको लागि पाल्पा जिल्लाका ईच्छुक कृषकहरुलाई तपसिलको मापदण्ड अनुसारको **गोठ तथा गोठेमल सुधार** निर्माण कार्यको लागि अनुदान माग गर्न तपसिल अनुसारको कागजात सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र कृषि ज्ञान केन्द्र, पाल्पामा निवेदन पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

**कार्यक्रमको मापदण्ड**

| गोठ तथा गोठेमल सुधार निर्माण कार्यक्रमको मापदण्ड | |
|---|---|
| सि.नं. | मापदण्ड |
| १ | कम्तिमा २ वटा माउँ पशु ( गाई वा भैसी) पालन भएको हुनु पर्ने |
| २ | गोठको पशु रहने फ्लोर कम्तिमा ८*८ फिट लम्बाई तथा चौडाईको निर्माण हुनु पर्ने( २ वटा पशुको लागि) |
| ३ | पशु राख्ने स्थानको अगाडी दाना तथा घाँस खुवाउने स्टल निर्माण भएको हुनु पर्ने |
| ४ | मुत्र नचुहिने गरी पक्की भुई निर्माण गरी मुत्र संकलन गर्ने टंकीको पनि व्यवस्था गर्नु पर्ने |
| ५ | पशु रहने फ्लोरको अगाडीको भाग देखि गटर वा नाली सम्म २ से मी  स्लोप हुनु पर्ने |
| ६ | संकलन गरेको पिसाबलाई कृषि उत्पादनमा प्रयोग गर्नको लागि छुट्टै डाईलुसन गर्ने व्यवस्था गर्नु पर्ने |
| ७ | गोठबाट निस्कने गोबर तथा सोतरबाट कम्पोष्ट बनाउने व्यवस्था गर्नु पर्ने साथै घाम तथा पानीबाट बचाउन सकिने किसिमको ब्यवस्था भएको हुनु पर्ने |

(क) माथि उल्लेख गरिए अनुसारको गोठ तथा गोठेमल सुधार गर्ने व्यवस्था सहितको कार्य सम्पन्न भएमा कूल लागतको ५० प्रतिशत वा बढिमा तीस हजार मध्ये जुन कम हुन आउछ सोही रकम अनुदान स्वरुप उपलब्ध गराईनेछ।

(ख) कार्यक्रम सञ्चालन गर्दा सम्भव भएसम्म एक कलस्टरमा कम्तिमा पाँच वटागोठ तथा गोठ सुधार निर्माण गर्ने गरी कार्यक्रमको निवेदन पेश गर्नु पर्नेछ।

**संलग्न गर्नु पर्ने कागजातहरुः**

१. निवेदन
२. कृषि फार्म/कृषक समूह/कृषि सहकारीहरुको हकमा दर्ता र नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपी तथा निर्णयको प्रतिलिपी
३. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाण पत्रको फोटोकपी
४. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र

**शिव प्रसाद अर्याल**
**प्रमुख**
**अधिकृत स्तर, नवौं तह**